# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ७ गते २०२५ साल


श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

प्रशासनसुधार आयोगले निर्धारित समयभित्र आफनो प्रतिवेदन पेश गरी सक्नेकोले सो आयोगको विघटन गरी अब निम्नलिखित काम गर्न श्री बेदानन्द झाको एक सदस्यीय प्रशासन सुधार आयोग गठन गर्ने श्री ५ को सरकारले मिति ०२५।७।२३ मा निर्णय गरेको छ।

प्रशासनसुधार आयोगको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित सुझाव र सिद्धान्तहरूलाई कार्यान्वित गर्ने बारेमा विस्तृत सुझाव पेश गर्ने र विशेष गरी निम्नलिखित विषयहरूमा आवश्यक अध्ययन गरी सुझावहरू प्रस्तुत गर्ने :–

१. विकेन्द्रीकरणको सिद्धान्त अनुसार श्री ५ को सरकार अञ्चल, जिल्ला र स्थानीय प्रशासनका विभिन्न अङ्गहरूलाई बढी सक्षम बनाउने र तिनीहरूमा बढी समन्वय ल्याउने ।

२. अञ्चल, जिल्ला र स्थानीय स्तरमा विकास योजनाको समन्वयात्मक रूपमा तर्जुमा र कार्यान्वितिका लागि चाहिने प्रशासकीय यन्त्र र कार्यविधि ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225